# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।११।०९ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण, इनरुवा वितरण केन्द्रका प्राविधिक कर्मचारी (चौथो तह) विर्जु कुमार महतो भएको घुस/रिसवत लिई भष्टाचार गरेको (मुद्दा नं.०८०-CR-००४९) मुद्दामा सम्मानीत बिशेष अदालत समक्ष सरकारी साक्षीको रुपमा पेश गरिएका यादब रिजालले आयोगका अनुसन्धान अधिकृतसमक्ष गरेको बयान कागजको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरण, इनरुवा वितरण केन्द्रका प्राविधिक कर्मचारी (चौथो तह) विर्जु कुमार महतो भएको भ्रष्टाचार मुद्दा (मुद्दा नं.०८०-CR-००४९) मा अनुसन्धानको क्रममा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीको रुपमा पेश गरिएका यादब रिजालले सम्मानित विशेष अदालत, काठमाडौंसमक्ष वकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको वयान व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टी भएकोले निज यादब रिजालले विद्युत क्षमतामा अभिवृद्धी गर्न रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) घुस/रिसवत प्रतिवादी बिर्जु कुमार महतोलाई दिइएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अन्तर्गतको कसुर भएको हुँदा निज यादब रिजाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धनात्मक वाक्याशंले निर्देशन गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा रु.२५,०००।-(पच्चीस हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेवमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे